सिद्धार्थनगर नगरपालिका
सिद्धार्थनगर, रुपन्देहि

आ.ब. ०७०/०७१

को

बित्तीय बिवरण तथा लेखापरीक्षण प्रतिबेदन

प्रमोद पन्थी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
बुटवल ८, रुपन्देही
फोन नं. ०७१-५४८१९६

Pramod Panthi & Associates
Chartered Accountant

Mem. No. : 741
COP. No. : 605
Firm Regd. No. : 508
PAN : 102849295

New Gyawali Complex
Butwal-8, Rupandehi, Nepal
pramodpanthi@hotmail.com
Tel: 071-548196, 9857035046

Ref. No. BTL /CA/ 2013-014/19 **Date: 4th Dec., 2014**

श्री सिद्धार्थनगर नगरपालिका, सिद्धार्थनगर, रुपन्देहि

आ.ब. ०७०/०७१ को लेखापरीक्षकको प्रतिबेदन

हामीले सिद्धार्थनगर नगरपालिका, सिद्धार्थनगर, रुपन्देहि को यसै साथ संलग्न आ.ब. ०७०/०७१ को आय व्यय बिवरण तथा सोसंग सम्बन्धित बिवरणहरु, पेश्की खाता, धरौटी खाता, कर्मचारी कल्याण कोष खाता र निजी साझेदारी कार्यक्रमको खाताहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । यी बित्तीय बिवरणहरु प्रति संस्था ब्यवस्थापनको उत्तरदायित्व रहेको छ र सो उपर लेखापरीक्षणको आधारमा राय ब्यक्त गर्नु हाम्रो उत्तरदायित्व रहेको छ । हामीले हामीलाई प्राप्त जानकारी, स्पष्टीकरण एवं सूचनाको आधारमा यसै प्रतिबेदन साथ संलग्न लेखापरीक्षणको आधार तथा लेखासंग सम्बन्धित टिप्पणी/कैफियत/सुझावहरुको अधीनमा रहि देहाय बमोजिम प्रतिबेदन पेश गर्दछौं ।

१. लेखापरीक्षणको सम्बन्धमा सोधनी र कैफियत तलब भएका कुराहरुको संतोषजनक जवाफ पाएका छौं ।

२. नगरपालिकाको हिसाब किताब सरकारी श्रेस्ता प्रणाली बमोजिम राखिएको छ ।

३. संलग्न बित्तीय बिवरणहरु नगरपालिकाले राखेको लेखा संग ठिक/दुरुस्त रहेको छ ।

प्रमोद पन्थी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
....
सिए. प्रमोद पन्थी
मितिः २०७१/०८/१८

१. लेखापरीक्षणको आधार

त्यस सिद्धार्थनगर नगरपालिकाद्वारा यस लेखाव्यवसायी फर्म प्रमोद पन्थी एण्ड एसोसिएट्सलाई आ.व. ०७०/०७१ लागि लेखापरीक्षकमा नियुक्ति गरिएकोमा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४, नेपालमा अपनाईने लेखापरीक्षणमान र नेपाल सरकारको प्रचलित लेखापरीक्षण व्यवहारमा समेत आधारित भै लेखापरीक्षण सम्पन्न गरेका छौं । हामीले नगरपालिकाको जानकारी, समर्थन र प्रतिक्रियाको लागि लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन पेश गरेका छौं । हामिले प्रस्तुत गरेको लेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन उपर यस नगरपालिकाको प्रतिक्रिया उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछौं ।

२. लेखापरीक्षणको सिमा क्षेत्र

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष ०७०/०७१ को पेश भएका श्रेस्ता खाता र बिल भर्पाई र सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु प्रति नगरपालिका व्यवस्थापनको उत्तरदायित्व रहने छ र उक्त विवरणहरु प्रति आधारित भै लेखापरीक्षकको राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व रहेको छ ।

लेखापरीक्षण र यसको प्रक्रियाको सम्बन्धमा कुनैपनी सिमागत बाध्यता गरिएको छैन ।

३. कार्य प्रगतिको वित्तीय झलक

तपसिल उल्लेख तालिकाबाट त्यस नगर पालिकाको गत विगत दुई वर्षको तुलनात्मक उपलब्धीको विश्लेषण गर्न सकिने छ ।

आम्दानी विवरण

विवरण	आ.व. ०६९/०७० वास्तविक	आ.व. ०७०/०७१ अनुमानित	आ.व. ०७०/०७१ वास्तविक
शुरु मौज्दात	९२,५६,९२०।३९	२३,१२,८७५।९९	२३,१२,८७५।९९
आन्तरीक श्रोत	५,०३,५५,४७८।५१	४,२१,२८,५००।००	५,३८,२७,१४३।६७
बाहृय श्रोत	८,७०,०१,२९६।२७	१५,१७,५७,०००।००	१३,७३,२९,६९५।००
जम्मा	१४,६६,१३,६९५।१७	१९,६१,९८,३७५।९९	१९,३४,६९,७१४।६६

खर्च विवरण

विवरण	आ.व. ०६९/०७० वास्तविक	आ.व. ०७०/०७१ अनुमानित	आ.व. ०७०/०७१ वास्तविक
चालु खर्च	६,०४,९८,७९९।०७	६,८१,६५,०००।००	६,५९,९८,७८१।४७
पुंजीगत खर्च	६,४७,९२,९८७।८४	६,३०,३३,३७५।९९	६,९९,९५,६१८।७७
मानव संशाधन विकास कोष	१६,१२,२००।००	०।००	१७,६१,२९६।००
एकिकृत शहरी विकास परियोजना	१,७३,९६,८३२।२७	६,५०,०००००।००	४,४०,८२,१४४।७४
जम्मा	१४,४३,००,८१९।१८	१९,६१,९८,३७५।९९	१८,१८,३७,८४०।९८

यस आर्थिक वर्षमा गत वर्षको खर्च भन्दा सञ्चालन खर्च रु.५४,९९,९८२।४० ले अथवा ९.०९% ले वृद्धि देखिन्छ भने विकास खर्चमा रु.५२,०२,६३०।९३ अथवा ८.०३% ले वृद्धि भएको देखिन्छ । यस आ.व.मा मानव संशाधन विकास कोष अन्तर्गत रु. १७,६१,२९६।०० तथा एकिकृत शहरी विकास परियोजना अन्तर्गत रु.४,४०,८२,१४४।७४ खर्च भएको छ । यस वर्ष कुल खर्चमा ३७,५३,७०२।१८ ले अथवा २६.०१% ले वृद्धि देखिन्छ साथै कुल बजेटको ६२.७४% विकास खर्च गरेको देखिन्छ ।

४.बजेट र वास्तविक वित्तीय कारोवारको विश्लेषण

त्यस नगरपालिकाले आ.व. ०७०/०७१ का लागि गरेको बजेट अनुमान र त्यसको वास्तविक उपलब्धीमा हाम्रो टिप्पणी यस प्रकार रहेको छ ।

(क) आम्दानी समग्र शिर्षकमा बजेट अनुसार अनुमान रु १९,६१,९८,३७५।९९ गरेकोमा रु. १९,३४,६९,७१४।६६ आम्दानी गरी रु. २७,२८,६६१।३३ ले अर्थात १.३९% आम्दानी घटी भएको छ ।

(ख) व्यवसाय करको व्यक्तिगत लगत अनुसार आ.व. ०७०/०७१ मा असुल उपर गर्न बांकी व्यवसाय कर रु. ३,१४,७७,३६१।६९ रहेकोमा रु. १३,१४,९९५।५० करीब ४.१८% प्रतिशत असुल गरेको पाइयो । बजेट तर्जुमा गर्दा नगरपालिकाले रु.२८,००,०००।०० मात्र असुलीको लक्ष्य निर्धारण गरेको देखिन्छ जुन वास्तविक असुल उपर हुनुपर्ने व्यवसाय करको ८.९०% मात्र रहेकोले नगरपालिकाले

आगामी दिनहरुमा व्यवसाय कर जस्ता शिर्षकहरुमा बजेट तजुमा गर्दा विशेष ध्यान दिनु पर्ने देखिन्छ । उक्त बक्यौता रकम नगरपालिकाको आन्तरीक आय स्रोतको ठूलो हिस्सा रहेको हूनाले यसलाई असूल उपर गर्न प्रभावकारी असूली योजना तयार पार्नूपर्ने देखिन्छ । साथै केहि व्यवसायहरु हाल संचालनमा नरहेको पाइएको तर उक्त व्यवसायहरुको व्यवसाय कर असुल बांकी देखिएकोले नगरपालिकाले वास्तविक रुपमा असुल गर्नु सक्ने कर भन्दा बढि असुल बांकी देखिएको हुंदा बन्द भएका व्यवसायी हरुको पहिचान गरी संचालनमा रहेका व्यवसायको मात्र असुल बांकी कर हिसाव गर्न सुझाव छ । साथै नगरपालिकामा दर्ता नभएका बैंक तथा वित्तीय संस्थाहरुलाई दर्ता गराउन पहत गर्नुपर्ने देखिन्छ ।

५. आन्तरिक नियन्त्रण प्रणालीको परिक्षण

हामीले त्यस नगरपालिकाको वित्तीय व्यवस्थापनको विश्वसनीयताको लागि अपनाईएका विभिन्न आन्तरीक नियन्त्रण प्रणाली प्रक्रियाको सामान्य समिक्षा तथा परिक्षण गरेका छौं । यि समिक्षा तथा परिक्षणले सबै प्रकारका आन्तरिक प्रणालीका कमि कमजोरीहरु, लेखापरिक्षणमा छनौट प्रक्रिया (Sampling Method) अपनाइएकोले प्रकाशमा नआउन सक्दछन् । हामीले केही आन्तरीक नियन्त्रण प्रणालीको पालना, यसमा सुधार र यस विपरित भए गरेका तथ्यहरु यसै प्रतिवेदनको विभिन्न सम्बन्धित ठांउमा समावेश गरेका छौं ।

१. नगरपालिकाले प्रयोगमा ल्याउने कर शुल्क दस्तुर आदी आम्दानीको रसिद नियन्त्रण खाता राजश्व शाखाले राख्नेगरेको पाईएन जस्ले गर्दा रसीदको प्रयोगको वास्तविक अवस्थाको जानकारी हुन नसक्ने अवस्था रहन्छ ।

२. नगरपालिकाले कर शुल्क ब्याज आम्दानी गरेको रकम बैंकमा नियमित रुपमा बैंक दाखीला गर्नु पर्नेमा कतिपय अवस्थामा सो भएको नदेखीदा यस बाट नगरपालिका कोषको रकम दुरुपयोग हुने सम्भावना रहन्छ ।

Pramod Panthi & Associates * Chartered Accountants *

६. लेखा अभिलेख / लेखाङ्कन विधि

त्यस नगरपालिकाको आ.व. ०७०/०७१ को हिसाब किताब सरकारी श्रेस्ता प्रणाली अनुसार राखिएको छ ।

स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को परिच्छेद ३ नियम १६ अनुसार पांच बर्ष भित्रमा नगरपालिकाको लेखा, दोहोरो लेखा प्रणालीको कर्पोरेट एकाउण्टको आधारमा राख्नु पर्ने व्यवस्था भएकोमा हालसम्म भए गरेको देखिएन ।

यसरी सरकारी श्रेस्ता प्रणालीको आधारमा लेखा राख्दा नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रणमा अन्योल रहन जान्छ ।

राजस्व सम्बन्धी

७. मनोरन्जन कर कति असुल हुनुपर्ने र कति असुल भयो भन्ने विषयमा विश्लेषण गरी सम्वन्धित करदाता बाट विस्तृत विवरण सहितको कर असुल गर्नुपर्ने देखिन्छ ।

८. घर बहाल कर असुली न्यून भएको र घरधनीले घोषणा गरेको मुल्यमा घर बहाल कर लिने गरीएको हुंदा आन्तरीक राजस्व कार्यालय संग समन्वय गरी तहां करदाताबाट घोषणा गरेको बहाल रकमलाई आधार मानि घर बहाल कर असुलीलाई प्रभावकारी गराउन सुझाव छ ।

९. आ.ब. २०७१।७२ को लागि हाटबजार सेवा शूल्क उठाउनको लागि ठेक्का दिईएको:

- टेण्डर स्वीकृत भएको पार्टी अरुण मल्लले पेश गरेको बोलपत्रमा धरौटि रकम ५१,०००।०० देखिएको तर कैफियतमा ५१,०००।०० को बैंक भौचर र रु. १०,०००।०० नगद संलग्न रहेको जानकारी गराईएको छ ।
- धरौटिबापत प्राप्त भएको भनिएको रु.१०,०००।०० नगदि प्राप्त प्रमाण रसिद नभएको । उक्त नगदि धरौटि मिति २०७१।०३।२१मा बैंक दाखिला गरिएको ।
- टेण्डरका बोलपत्रहरु २०७१।०३।१३ मा खोलिएको र प्राप्त धरौटिबापतका बैंक भौचरहरुलाई २०७१।०३।२० मा ढिलो धरौटि आम्दानी बाधिंएको । (धरौटि गो.भौ.नं.३०६)

Pramod Rimal & Associates * Chartered Accountants *

१०. व्यवसायको दर्ता रजिस्टरमा व्यवसायको संचालक/प्रोप्राईटरको फोटो नभएको पाईयो । जस्तै : फ्रेन्डली मिट ई. प्रा.लि. (४३३१), अनुस्का खाद्य उद्योग (४३४२), जय श्री फूड्स प्रा.लि.(४३७८), चन्द्र आयूष स्टोर्स (४४०३) आदि ।

११. क्लियरीङ एजेन्टको आ.ब.२०७०।७१ को व्यवसाय कर रु.१०००।०० हूनु पर्नेमा रु.२०००।०० संकलन गरेको पाईयो । जस्तै : अर्जून देव पौडेल - देव क्लियरीङ एजेन्ट - ३८४० ङ ।

१२. २०७०।२०७१ को तिर्न बांकि व्यवसायिक कर :

व्यवसायीको नाम	व्यवसायको नाम	पाना नं.	रकम रु.
नुर मोहम्मद तेलि	कन्फक्सनरी उद्योग	२४ क	२१,४५०।००
सत्य नारायण प्रसाद	प्रकाश ट्रान्सपोर्ट	८७ क	५८,१००।००
रोहित प्रसाद श्रेष्ठ	त्रिवेणी डिसटिलरी	४१ क	६३,८००।००
महेन्द्र सुगर मिल	महेन्द्र सुगर मिल	१७ क	१०४,४९००।००
लक्ष्मण सिग्देल	कन्फक्सनरी उद्योग	३ क	८२,७५०।००
मुन्नर प्रसाद गुप्ता	श्याम निर्माण सेवा	१२५ ख	८८७००।००
यशोवदर्धन प्रधान	सिद्धार्थ चलचित्र भवन	८८६ ग	२३,७५०।००

१३. २०७०.२०७१ को तिर्न बांकि एकिकृत सम्पति कर :

क.स	करदाताको नाम	तिर्न बांकि रकम
१	भाजुरत्न इन्जिनियरिङ्ग एण्ड सेल्स लि.	१५,४००।००
२	हिमालयन बैंक लि.	२७,०००।००
३	सिद्धार्थ ईट्टा टायल कारखाना प्रा.लि.	१५,४००।००
४	कृषी सामाग्री कम्पनि लि.	१११,५५०।००
५	होटेल लाकौल प्रा.लि.	१३,२००।००
६	शिलु हाउजिङ	२,६४०।००
७	भगवान शिद्धबाबा रियल स्टेट एण्ड हाउजिङ्ग प्रा.लि.	१४,५०३।००
८	निर्धन उत्थान बैंक	१४,५०३।००
९	युतिभर्सल कलेज अफ मेडिकल साईन्स एण्ड एडभान्स स्टडिज	७३४,६३७।००

Pramod Panthi & Associates * Chartered Accountants *

लेखा तथा आन्तरिक नियन्त्रण सम्बन्धमा:

चालु खर्च:

१. मिति २०७०।०५।२६ को भौ. नं ५० स्टेशनरी सामाग्री खरिद खर्च रु.१७,३२८।५५ लेखाङ्कन गरि भुक्तानी भएको । तर प्राप्त बिजक नं. १५५८,१५५९,१५५६ को कुल रकम जोडफल रु.१५,३३५।०० हुन आएको ।

२. भौ.नं. ०८८ डे. कार्य संचालन खर्च रु. ३०,१८६।०० (कार्यालय जिपको कर र नविकरण बापत) जरिवाना स्वरुप रु.२,३६०।०० पनि बुझाउनु परेको, यस्ता खालका खर्चहरुलाई समयमै विशेष ध्यान पुराई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३. हवाई भ्रमण खर्च अर्न्तगत काठमाडौं देखि भैरहवाको टिकट मूल्यमा नै रु.२००।०० को कर समावेश रहेतापनि सो कर खर्च पुन छुट्टै कार्यक्रम भ्रमणमा जाने कर्मचारीले भुक्तानी लिएको पाईयो ।

- भौ.नं. १३३ मिति २०७०।०७।२४ मा कार्यक्रम भ्रमण खर्च अर्न्तगत कार्यकारी अधिकृत टिकादत्त राई काठमाडौंदेखि भैरहवा आउनु भएको खर्चमा बुद्ध एयरको रु.३९१५।०० ई टिकट (रु.२००।०० को कर खर्च समेत गरि) समावेश गरेको तर सो खर्चमा थप रु.२००।०० गरी भुक्तानी दिईएको पाईयो ।
- साथै यस्ता खालका हवाई भ्रमण खर्चका भौचरमा ई टिकटका साथै बिल पनि संलग्न गर्नु पर्ने देखिन्छ र बास खर्चको पनि बिल संलग्न भएको पाइएन ।
- साथै भ्रमण आदेश(मा.ले.प.फा.नं.३) र भ्रमण खर्चको बिल (मा.ले.प.फा.नं.४)मा मिति, आदेश नं, नाम, दर्जा, कार्यालय, उद्देश्य र अन्य आवश्यक विवरण उल्लेख गर्नु पर्ने देखिन्छ ।

४. २०७०।७१ को संसोधित वार्षिक बजेट, निति तथा कार्यक्रमको ३.अनुदानको ३.०१ सार्वजनिक संस्थालाई अनुदानको बुंदा ६ मा सामुदायिक मेल मिलाप केन्द्र संचालनलाई रु.२००,०००।०० छुट्टाईएको र नोटमा प्रति मुद्धा मेलमिलाप कर्तालाई रु.१५० का दरले र यातायात खर्च (गत वर्षको) समेत व्यवस्था गरिएको भनि उल्लेख गरिएतापनि महिला हस्तकला केन्द्रको संयोजक हिरा बराललाई तलब स्वरुप मासिक रु.१५,०००।०० भुक्तानी गरेको पाईयो । खर्चको लेखाङ्कन बजेटको उद्देश्यसंग मेल खाएको पाईएन ।

Pramod Panthi & Associates * Chartered Accountants *

५. गौ.भौ.नं. १३५ नेशनल स्टेशनरी एण्ड जनरल स्टोर्स सि.न. लाई बजेट पुस्तिका छपाई गर्ने एउटै कामको चारवटा बिलको रु.१९,९४०।०० भुक्तानी भएको देखिन्छ । मू.अ.कर.मा दर्ता भएको फर्मसंग कारोबार गर्नुपर्ने ।

६. गौ.भौ.नं. २४३ नेपाल नगरपालीका कर्मचारी एशोसिएसन ईकाई समिती सिद्धार्थनगर द्वारा जनचेतना कार्यक्रमलागि रु.१२,६००।०० खर्च भएकोमा कुन परियोजनको, कस्तो कार्यक्रम हो विषय वस्तु संलग्न गर्नुपर्ने ।

७. कार्यलयमा संचालन हुने विभिन्न कार्यक्रमहरुमा कार्यलयको कर्मचारीहरु स्रोत व्यक्तिका रुपमा काम गर्ने गरेको पाईयो । स्रोत व्यक्तिको विषयवस्तुको विज्ञता, विषयवस्तु कार्यपत्र आदि संलग्न गर्नुपर्ने । जस्तै : तालिम तथा गोष्ठी कार्यक्रमहरु ।

८. गौ.भौ.नं. २७५ परिमार्जन सहितको नागरिक वडा पत्र कार्यक्रमको Accountability Initiative Pvt. Ltd. लाई रु. १४९,७४५।०० भुक्तानी भएको । महिला तथा वालवालिकाको लागि छुट्टाईएको बजेटबाट उक्त खर्च गरेको पाईयो ।

९. कार्यलयको कर्मचारीहरुलाई कहिं काजमा पठाउदा भ्रमण आदेशमा, भ्रमण गर्ने स्थान, र उद्देश्य पूर्ण, स्पष्ट रुपमा खुलाएर लेख्नुपर्नेमा केवल कार्यलयको काममा मात्र लेख्ने गरेको पाईयो । जस्तै :

मिति	भै.नं.	विवरण	रकम रु.	कैफियत
२०७१।०१।३०	३६३	डा. राजु न्यौपाने (बिराटनगर भ्रमण)	९,७४०।००	भ्रमण उद्देश्य नखुलेको ।
२०७०।११।२८	२६९	ना.सु विष्णु गुरुङ्ग (काठमाण्डौं भ्रमण)		भ्रमण उद्देश्य नखुलेको ।
२०७०।०५।२४	०३८	विवेक कुमार खनाल (काठमाण्डौं भ्रमण)	१७,०४०।००	भ्रमण उद्देश्य नखुलेको ।

१०. कर्मचारी इन्धन सूविधा सम्बन्धमा:

(क) नगरपालिकाले नियमानूसार उपलब्ध गराउनूपर्ने इन्धन सूविधा भन्दा बढी उपलब्ध गराएको पाइएकोले इन्धन वितरणमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

(ख) कर्मचारीलाई दिने इन्धन सूविधा सम्बन्धि जारी परिपत्रमा उल्लेख गरीएका इन्धन पाउने कर्मचारी बाहेकका कर्मचारीलाई समेत इन्धन उपलब्ध गराएको पाइयो ।

Pramod Panthi & Associates Chartered Accountants

सवारी साधनको लगबूक:

१. अधिकांश सवारी साधनको लगबूकमा दूरीको हिसाब राख्ने गरेको पाइएन तसर्थ यथार्थ इन्धन खपत परीक्षण गर्न सकिएन । मोटरसाईकल, जेनेरेटर, टिप्परको लगबूक तयार नगर्ने गरेको पाइयो ।

नगद मौज्दात राख्न सकिने

स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को दफा १४१ अर्न्तगत नगद मौज्दात राख्न सकिने व्यवस्था भएकोले यस सम्बन्धमा नगरपालीकाले सानो नगदी खाता कायम गरि यस खातामा आम्दानी गरिएको रकम र सोको विपरित सोधभर्ना गरिएको खर्चहरु दैनिक रुपमा अभिलेख खडा गरि राख्नुपर्ने सुझाव दिइन्छ ।

पुंजीगत खर्च

१. सौर्य उर्जा सडक बत्ति निर्माण संचालन र व्यवस्थापन :
   - फाईलमा संलग्न टिप्पणीमा ३० प्रतिशत रकम उपभोक्ताले बेहोर्ने कुरा देखिएपनि उपभोक्तासंगको वास्तविक सम्झौता पत्र समावेश नरहेको ।
   - उपभोक्तासंग सम्झौता भईसके पश्चात उपभोक्ताद्वारा जम्मा गरिनुपर्ने सम्पूर्ण रकम जम्मा नभईकन कार्यालयद्वारा प्रकृया अगाडी बढाएर कार्य संचालन गराएको ।
   - ठेक्का दिईएको पार्टीले कूल सम्झौता रकम बाहेक थप ५ थान बत्ति रु.१८२,१००।०० को बिल पठाएको । टेण्डर सम्झौता अनुरुप ३० थान बत्ति जडान गर्ने भनेतापनि थप ५ थानको लागी मौखिक सहमति भएको भन्दै बिल पठाईएको र सोहि अनुरुप टिप्पणी उठाई का.अ. द्वारा स्वीकृत गरिएको ।

२. २०७१।०३।१६ भौ.न. ३१३ डे. मेशिनरी औजार तथा अन्य उपकरण रु.१५,३००।००
   - न.पा. ले यस आ.ब.मा सूचिकृत पार्टीहरुको नामावलि अर्न्तगत नरहेको पार्टी, गोदावरी ईन्टरप्राईजेजसंग कारोबार गरेको पाईयो । (का.अ. निवास / क्वाटरकालागि Refrigerator खरिद गरेको ।)

३. मिति २०७१।०२।०४ भौ.नं. २५२ डे. जगेडा कोष सबै जातजाति विपन्न, पिछडा, जेष्ठ कार्यक्रम रु.११,१६०।०० (३१ दिन रु.३६०।०० का दरले) (अजय न्यौपानेलाई सि.न.पा. -०६, अशोक पथ, बैशाखको सुपरभिजनको ज्याला भुक्तानी)

Pramod Panthi & Associates * Chartered Accountants *

- मस्टररोलमा १ दिन पनि हाजिरी हस्ताक्षर नभएको देखिन्छ । हाजिरी लिने कर्मचारीको पनि सहि नरहेको । मस्टररोल नं., चलानी नं., हाजिरी आदि केहि अंकित नरहेको मस्टररोलमा चेक गर्ने व्यक्ति र स्वीकृत गर्ने का.अ. ले के को आधारमा सहि गरिदिएको भन्ने प्रश्न जाहेर हुन्छ ।
- उक्त ज्यालाको भुक्तानी गर्दा टि.डि.एस. कट्टी नगरिएको ।

४. २०७०।७१ P.C.C. सडक वडा नं. १३, श्रद्धा पथ, जगेडाकोष ठेक्का रकम ३२,६१,९०५।३७ (ए.पी. कन्स्ट्रकसन प्रो. अच्युत राज गौतम)

- न.पा. ले टेण्डर स्वीकृत गर्ने समयमा ठेकेदार पार्टीद्वारा पेश गरिएको BOQ अनुसारको दररेट र न.पा.द्वारा तयार गरिएको Abstract Of Cost and Detail Estimate को दररेट संग भिडान गरेर धेरै फरक परे / नपरेको हेक्का राख्नु जरुरी हुन्छ र सो कुरालाई पनि ध्यानमा राखि पार्टी छनौट गर्नुपर्ने देखिन्छ ।
- P.C.C को काम सुरु भएको २८ दिन (1st Running Bill बन्दा सम्मको) अवधिमा एक पटक P.C.C Strength Test गरेको रिर्पोट संलग्न रहेको तर 1st Running Bill देखि Final Bill बिचको अवधिमा खास भएको P.C.C कार्यको Strength Test नगरिएको । यसले कुन गुणस्तरको काम भएको भनि यकिन गर्न नसकिएको ।

५. २०७१।०३।१९ भौ.नं ३१९ जनसहभागिता योजना, सिद्धार्थ धर्मशालाको अपूरो भाग निर्माण रु. ७९४,२५३।६४

- कार्य सम्पन्न प्रतिवेदन अनुसार काम सुरु भएको मिति २०७१।०२।०५ र सम्पन्न भएको मिति २०७१।०३।११ । ईस्टीमेट बमोजिमको र खुद भएको कामको कूल रकममा धेरै फरक नदेखिएको भएतापनि कामको विवरण अनुसार ईस्टीमेट बमोजिमको कामको परिमाण र खुद भएको कामको परिमाणमा धेरै अन्तर देखिएकाले उद्देश्य अनुसार काम भए/नभएको यकिन गर्न नसकिने अवस्था रहेको ।

६. २०७०।१२।१० भौ.नं १८० डे. आकस्मिक योजना रु. ३५,०३०।००

- कोटेशन माग गर्दा, सो कोटेशन सम्बन्धित संस्थाको लेटर हेडमा हुनुपर्ने, कसलाई जारी गरिएको कोटेशन हो, कोटेशनको मिति आदि विवरण उल्लेख गर्नुपर्ने र संस्थाको छाप लगाई प्राप्त गर्नुपर्नेमा, रत्न ईनजिनीयरिङ प्रा.लि.बाट सामान खरिद गर्दा सादा पेपरमा कोटेशने प्राप्त भएको र आवश्यक विवरण उल्लेख नगरेको पाईयो ।

Panthi & Associates Chartered Accountants

- साथै कोटेशनमा उल्लेखित रकम VAT Inclusive / VAT Exclusive के हो भनि उल्लेख गर्नुपर्नेमा सो उल्लेख नगरिएको र बिजक जारी गर्ने समयमा कोटेशन मूल्यमा भ्याट जोडेर बिजक जारी भएको पाईयो ।

७. २०७०।१२।१० भौ.न. १७८ डे. फर्निचर रु. २३,३९१।००

- विभिन्न फर्निचरका सामान कुर्सी ६ थान, स्टील दराज १ थान, र टेबल १ थान श्री पशुपति फर्निचरबाट खरिद गरिएको तर सो फर्मको नाम सूचिकृत मूल्याङ्कनकर्ताको नामको लिस्टमा भएको पाईएन ।

८. २०७०।११।२८ भौ.नं. १७२ डे. आकस्मिक योजना रु.१०,४०२।२२

- विभिन्न हार्डवेयरका सामान जि.आई पाईप १ थान, हैण्ड पम्प मेशिन १ थान, आदि सिद्धार्थ मेशिनरी हाउसबाट खरिद गरिएको तर सो फर्मको नाम सूचिकृत मूल्याङ्कनकर्ताको नामको लिस्टमा भएको पाईएन ।

९. २०७०।११।२५ भौ.नं. १६७ डे.आकस्मिक योजना १४९,९००।७२ (राजन निर्माण सेवा)

- गत आ.ब. २०६८।२०६९ को आकस्मिक योजना तथा विविध योजना अन्तर्गत विनियाजित बजेटबाट खर्च हुने गरी सि.न.पा. वडा नं. ४ लुम्बिनी सडक दक्षिणबाट विमान घर पथ जोड्ने बाटोमा कल्भर्ट निर्माण कार्यको लागि रु. १४९,९१४।२९ स्वीकृत भएको । कार्य सुरु भएको मिति २०६८।११।१६, सम्पन्न हुनु पर्ने मिति २०६८।१२।१५ र सम्पन्न भएको मिति २०६९।०७।२५ रहेकाले डे. क्रमागत योजना हुनुपर्नेमा, डे. आकस्मिक योजना गरेको पाईयो ।
- २०७०।२०७१ मा भुक्तानी गर्नुपर्ने सूचिमा सो योजनाको नाम रहेको पाईएन ।

नगरपालिकाको कतिपय पेश्की तथा अग्रीम भुक्तानीहरु धेरै समयदेखि फर्छ्यौट हुन बांकी देखिएको हुंदा स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम १०२ अनुसार पेश्की फर्छ्यौटको लागी यथाशिघ्र पहल गर्नु पर्ने देखिन्छ ।

जिन्सी

१. खप्ने सामानहरुको जिन्सी खातामा कतिपय जिन्सी सामानको मुल्य, परिमाण तथा सामान रहेको स्थान तथा जिम्मेवार शाखा/कर्मचारी, आदि उल्लेख गर्ने गरेको पाईएन साथै खप्ने समानहरुमा कोडीङको व्यवस्थागर्ने गरेको समेत पाईएन जसले गर्दा कतिपय समानहरु यथार्थ अवस्थाको जानकारी हुन सकेन ।

२. स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम १२० अनुसार मुल्य नखुलेको जिन्सी सामानको नियम १२०(४) र १२०(५) अनुसार मुल्य उल्लेख गरि लगत अद्यावधिक गर्नुपर्ने र सोको जानकारी नियममा तोकिएको निकायलाई तोकिएको समयमा गराउनु पर्नेमा सो अनुसार भए गरेको देखिएन ।

३. नगरपालिकाको स्वामित्वमा रहेको जग्गाहरुको खाता/रजिष्टर अद्यावधिक राखेको देखिएन अत: नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पुर्ण अचल सम्पतीको खाता/रजिष्टर खडा गरी अभिलेख राख्नु पर्ने देखिन्छ ।

४. जिन्सी समान खरीद गर्ने तथा दाखिला गर्ने व्यक्ति एउटै व्यक्ति भएको हुंदा आन्तरिक नियन्त्रणमा प्रभावकारिता नआउन सक्ने सम्भावना रहने हुंदा उचित व्यवस्था गर्न सुझाव छ ।

५. खर्च भएर जाने पुराना फर्महरु तथा अनुसूचीहरुको ढांचा परिवर्तन भएको हुंदा सो फर्महरु धुल्याउनु पर्ने देखिन्छ ।

६. कार्यालयमा रहेका मर्मत हुन नसक्ने सवारी साधन तथा अन्य जिन्सी समानको लिलाम बिक्री भर्नपर्ने देखिन्छ ।

Pramod Panthi & Associates * Chartered Accountants *

७. जेनेरटर खरिद प्रकृया :

टेण्डर परेको मध्ये ठेकेदार पार्टी छनौत गर्ने प्रकृयामा विशेष ध्यान नपुऱ्याईएको :

- प्राविधिक प्रतिवेदनलाई आधारमानी मूल्याङ्कन समितिबाट प्रस्ताव भएको पार्टीलाई बोर्ड बैठकमा उत्कृष्ट ठहराई पारीत गरिएको तर मेकानिकल ईन्जिनियर बसन्त कुमार के.सी.द्वारा पेश भएको उक्त प्राविधीक प्रतिवेदनमा स्पष्ट रुपमा खरिदको लागि उचित रहेको भन्ने कुरा प्रयोग नभएको । थपमा उक्त प्रतिवेदन तयार गर्दा जेनेरटरको भौतिक रुपमा उपस्थिति नरहेको केवल ब्रोसरका आधारमा मात्र प्रविधिक प्रतिवेदन तयार गरिएको र न.पा.द्वारा त्यसैलाई आधारमानी खरिद स्वीकृत गरिएको ।
- प्राप्त भएका जेनेरेटरको शिलबन्दी दरभाउपत्र मध्ये एक पार्टीको दरभाउपत्रमा रकम, दरभाउ अङ्क र अक्षरमा टिपेक्स प्रयोग भएको देखिन्छ र सोहि दरभाउपत्रलाई पछि स्वीकृत गरिएको र खरिदको लागि छानिएको ।

८. २०७०।७१ मोटरसाईकल खरिद सम्बन्धि

- मोटरसाईकल खरिद गर्ने सम्बन्धमा मिति २०७०।११।०४ को टिप्पणी र आदेश अर्न्तगत २ थान मोटरसाईकल खरिद गर्ने कुरा कार्यलय प्रमुखबाट सदर गरिएको र पत्रिकामा आह्वान गर्दा समेत २ थान मोटरसाईकलको लागि दरभाउ माग गरिएको तर पार्टीहरुले पेश गर्ने शिलबन्दी दरभाउ पत्रमा ३ थान मोटरसाईकल उल्लेख रहेको ।
- ३ थान मोटरसाईकल खरिद गर्न का.अ.को लिखित स्वीकृती, टिप्पणी आदेश नरहेको भएतापनि ३ थान मोटरसाईकलको टेण्डर स्वीकृत गरिएको
- आवश्यक साधनको माग गर्दा, माग फारम स्पष्ट ढंगले भर्नुपर्ने देखिन्छ । माग गर्ने व्यक्ति, फांट, मिति, माग गर्ने कारण स्पष्ट खुलाएर माग गर्नुपर्ने र सोको स्वीकृती गर्दा कार्यालय प्रमुखले उक्त भरिउको विवरण अनुसार उचित कारण रहे /नरहेको यकिन गरि मात्र खरिद स्वीकृत गर्नुहुन ।
- पिकअप भ्यान खरिद गर्न स्वीकृत भएको बजेट पिकअप भ्यान खरिद नगरि सोहि बजेटबाट मोटरसाईकलहरु खरिद गरिएको ।

९. लुम्बिनी निर्माण व्यवसायी संघलाई सभागृह र्मतको भुक्तानी रकम रु. ६१,७००।००

लुम्बिनी निर्माण व्यवसायी संघलाई बिल र मास्टर रोल अनुरुप सम्पुर्ण रकम भुक्तानी गरेको तर मास्टर रोलमा ज्याला बुझनेको दस्खत नरहेको ।

१०. आकस्मिक योजना अन्तर्गत सि.न.पा. ११ भुजौलियामा वृक्षारोपण कार्यक्रम खर्च रकम

रु. १७९,१०५।५०

उक्त कार्यक्रममा सहभागी भएका व्यक्तिहरुको नामावली र हस्ताक्षर समावेश नरहेको साथै वृक्षारोपण कार्यक्रम समाप्त भएपछिको प्रतिवेदन पनि नरहेको।

११. पुरानो सामान लिलाम बिक्री सम्बन्धमा

जिन्सी मालसमान लिलाम बिक्रीको शर्तअनुसार बोलपत्र साथ नागरिकताको फोटोकपी फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने तर खरिदकर्ता राजन थापाको उक्त विवरण संलग्न नरहको ।

१२. आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम नियन्त्रणलाई ध्यानमा राखि संस्थाले आफ्नो नाममा रहेको विभिन्न सम्पत्तिहरुको बिमा गर्नुपर्ने साथै समयमा नै नविकरण गर्नुपर्ने देखिन्छ ।

१३. स्थानीय निकाय नियमावली बमोजिम निर्माण कार्य गराउदा एउटै, ब्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक आ.व. मा एकपटक भन्दा बढी नगराउने व्यवस्था भएकोमा केही फर्मबाट पटक पटक कार्य गराएको पाइयो ।

१४. कुनै एउटा वा एकै प्रकृतिका कार्यहरु गर्न तथा गराउदा खण्डीकरण गर्न नपाइने व्यवस्था भएकोमा सि.न.पा. १३, महेन्द्र सभा गृहमा कम्पाउण्ड वाल लगाउने कार्य गराउदा एकै मितिमा अलग अलग टिप्पणी उठाई, अलग अलग फर्मलाई कार्य आदेश दिएको पाइयो ।

१५. एकिकृत शहरी विकास परियोजना

यस कार्यक्रम अन्तर्गत विभिन्न शिर्षकहरु जस्तै कार्यालय सामान खरिद, तलब, ज्याला, भ्रमण खर्च आदीमा रकम भुक्तानी गर्दा उक्त रकम सो कार्यको लागि छुट्याइएको बजेट भित्र भएतापनि सो शिर्षक अन्तर्गत गरेको खर्च कतिको जाहेज छ या छैन सो यकिन गरि मात्र रकम भुक्तानी गर्नुपर्ने देखिन्छ ।

Pramod Panthi & Associates * Chartered Accountants *

विविध

१. <u>जोखिम व्यवस्थापन</u>

त्यस नगरपालिकाको नाममा रहेका मोटर साईकल, स्थायी प्रकृतिको सम्पत्ति, भवनहरुको भविष्यमा हुन सक्ने सम्भावित दुर्घटना, हुलदंगा, आगजनी आदि गतिविधिबाट सुरक्षित हुनको लागि बिमा गरि जोखिम न्यूनीकरण गर्न सुझाव दिईन्छ ।

प्रमोद पन्थी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सिए. प्रमोद पन्थी

सिद्धार्थनगर नगरपालिकाको कार्यालय
सिद्धार्थनगर (भैरहवा), रुपन्देही, लुम्बिनी अञ्चल, नेपाल

आर्थिक वर्ष २०७०/०७१ को
वार्षिक आय–व्यय विवरण

गत वर्ष अनुमानित रकम रु.	गत वर्ष वास्तविक रकम रु.	आय शीर्षक (आम्दानी विवरण)	यस वर्ष अनुमानित रकम रु.	यस वर्ष वास्तविक रकम रु.	गत रकम रु.	व्यय शीर्षक (खर्च विवरण)	स्वीकृत बजेट	व्यय (खर्च) रकम रु.
९२५६९२०।३९	९२५६९२०।३९	शुरु मौज्दात :	२३१२८७५।९९	२३१२८७५।९९				
		बैंक मौ.रु... ४६०६३२५।६५						
		नगद मौ.रु.१३३०१४०।९४			६०४९८७९९।०७	चालु खर्च	६८१६५०००।००	६५९९८७८१।४७
		१. आन्तरिक स्रोत	४२१२८५००।००	५३८२७१४३।६७				
१७१४०५५०।००	१८५७८६१२।७०	१.१ स्थानीय कर	२०४५००००।००	२३५७६४१२।६९	६४७९२९८७८४	पूंजीगत खर्च	६३०३३३७५।९९	६९९९५६१८।७७
११५८४०००।००	१४७३७७९४।९२	१.२ सेवा शुल्क	६६६६०००।००	१०८१४२२२।६२	१७३९६८३२।२७	एकीकृत शहरी विकास परि.	६५००००००।००	४४०८२१४४।७४
९०७५०००।००	१२९४२०२४।२०	१.३ दस्तुर	१०७०००००।००	१४२३८८३३।९३				
०।००	०।००	१.४ विक्री	३०००००।००	४८२२१२।००	१६१२२००।००	मानव संसधन विकास कोष	०।००	१७६१२९६।००
४२८०००।००	७७३७०६।६०	१.५ स्रोत परिचालन	५०००००।००	८३६४६५।००		पेश्की		
७४२००।००	२८५७४३।५८	१.६ सांवा,व्याज,लाभांश र वोनस	७२५००।००	१६११९५।२९		संचालन खर्चतर्फ : ००।००		
२७४०५४३।९५	३०३७५९६।५१	१.७ अन्य आय	३४४००००।००	३७१७८०२।१४		कार्यक्रम खर्चतर्फ : ००।००		
		२. बाह्य स्रोत	१५१७५७०००।००	१३७३२९६९५।००		सापटी		
३४९११०००।००	४३५७४०००।००	२.१.१. नेपाल सरकार अनुदान	६३५५००००।००	६३५९३०००।००				
०।००	२६६०२५०।००	२.१.१.२ ने.स.(ए.श.वि.प.) अनुदान	०।००	०।००				
४०००००।००	५६००००।००	२.२.१ जि.वि.स. अनुदान	५०००००।००	३४२६०००।००	२३१२८७५।९९	मौज्दात (बचत) :		११६३१८७३।६८
८७०९०००।००	१२५१२०००।००	२.३.१.१ अन्य अनुदान (जगेडा कोष)	१२००००००।००	११४५४०००।००	१२४६४७२।०७	बैंक मौज्दात स्था.नि.को.रु..		१०३७५६२४।२१
४५५६१७६।००	६५४०६४६।००	२.३.१.२ ,, ,, (सडक बोर्ड नेपाल)	६००००००।००	४८२८००४।००	१०६६४०३।९२	नगद मौज्दात रु............		१२५६२४९।४७
७५०००००।००	२१२९३१०।००	२.३.१.३ ,, ,, (नगर विकास कोष)	३००००००।००	२११७२४२।००	०।००	बैंक मौज्दात क्षमता विकास खाता रु.		०।००
१८२८१४२।००	२७५८१४२।००	२.३.१.४ ,, ,, (जि.शिक्षा,श.भवन)	०।००	५०००००।००				
०।००	०।००	२.३.१.६ यु.एन.डि.पी.(पीपीयुई.)	०।००	०।००				
०।००	१३४३६५८२।२७	२.३.१.७एडीबी (ए.श.वि.प.)अनुदान	६०५०००००।००	४२७०००००।००				
०।००	०।००	३.१ जि.वि.स. बांडफांड	५००००००।००	४०६९५०९।००				
०।००	१६१२२००।००	४.१ बैदेशिक सहायता(एल.जी.सी.डी.पी.	१२०७०००।००	१९०७०००।००				
०।००	०।००	६.१ अ.निकासा (सामाजिक सुरक्षा कार्यक्र	०।००	०।००				
०।००	०।००	७.१.२ अन्य ऋण (स्वदेशी)	०।००	०।००				
५१०००।००	१२१८१६६।००	८.१.१ जनसहभागिता	०।००	२७३४९४०।००				
१०८२५४५३२।३४	१४६६१३६९५।१७		१९६१९८३७५।९९	१९३४६९७१४।६६	१४६६१३६९५।१७		१९६१९८३७५।९९	१९३४६९७१४।६६

(सन्तोष प्रसाद गुरुङ्ग)
लेखा अधिकृत

गणेश बहादुर क्षेत्री
वरिष्ठ अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(विष्णुदत्त गौतम)
प्रमुख / सचिव
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(प्रमोद पन्थी एण्ड एसोसिएट्स)
चार्टर्ड एकाउन्टेन्ट

सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर(भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल

कार्यक्रम / आयोजनाको नाम : नगरपालिका चालु खर्च ।
ठेगाना : सिद्धार्थनगर (भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल
बजेट उपशीर्षक नं.: नगरपालिका कोष

अनुसूची २५

आर्थिक वर्ष २०७०/०७१ को वार्षिक आर्थिक विवरण

शीर्षक / उप शीर्षक नम्बर	व्यय शीर्षक (खर्च विवरण)	बजेट अनुमान रकम रु.	रकमान्तर थप (घट) रु.	पूर्व विनियोजन (खुद बजेट) रु.	पेश्की रकम रु.	व्यय (खर्च) रकम रु.	बाँकी रकम रु.	कैफियत
१.०१.१	तलब कर्मचारी	२७०००००००।००	४००००००।००	२७४००००००।००		२७३५८५५२।३१	४१४४७।६९	
१.०१.२	पदाधिकारी पारिश्रमिक	०।००		०।००		०।००	०।००	
१.०१.३	कर्मचारी कल्याण कोष	४००००००।००		४००००००।००		४००००००।००	०।००	
१.०१.४	बीमा प्रिमियम	७०००००।००		७०००००।००		५०२५१९।२०	१९७४८०।८०	
१.०२.१	कर्मचारी भत्ता	६९०००००।००		६९०००००।००		६८३३०३५।४०	६६९६४।६०	
१.०२.२	पदाधिकारी भत्ता	०।००		०।००		०।००	०।००	
१.०२.३	बैठक भत्ता	१५००००।००		१५००००।००		६७६००।००	८२४००।००	
१.०३	सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता	२५०००।००		२५०००।००		०।००	२५०००।००	
१.०४	पोशाक	१२०००००।००		१२०००००।००		१११००००।००	९००००।००	
१.०५	खाद्यान्न तथा आहार	९५००००।००		९५००००।००		८७३८६८।९२	७६१३१।०८	
१.०६	औषधि उपचार	४०००००।००		४०००००।००		४०००००।००	०।००	
१.०७	सेवा निवृत्त सुविधा	०।००		०।००		०।००	०।००	
१.०८	तालिम कार्यक्रम खर्च	१५००००।००		१५००००।००		२००००।००	१३००००।००	
२.०१	पानी तथा बिजुली महसूल	७०००००।००		७०००००।००		६६७३१४।३७	३२६८५।६३	
२.०२	सञ्चार महसूल	३०००००।००		३०००००।००		२१९२६९।८१	८०७३०।१९	
२.०३	कार्यालय संचालन सम्बन्धी खर्च	२००००००।००	२०००००।००	२२०००००।००		२१९१६८२।२८	८३१७।७२	
२.०४	भाडा	२०००००।००	४००००।००	२४००००।००		२३८३००।००	१७००।००	
२.०५	मर्मत तथा सम्भार	७०००००।००		७०००००।००		५५५४६८।१०	१४४५३१।९०	
२.०६.१	सवारी इन्धन पदाधिकारी	०।००		०।००		०।००	०।००	
२.०६.२	सवारी इन्धन कर्मचारी	१४०००००।००	२८००००।००	१६८००००।००		१६५५५७१।३०	२४४२८।७०	
२.०६.३	अन्य इन्धन	३००००।००		३००००।००		२५७७०।३५	४२२९।६५	
२.०७.१	परामर्श शुल्क	१२००००।००		१२००००।००		१२००००।००	०।००	
२.०७.२	सरसफाई तथा अन्य सेवा शुल्क	०।००		०।००		०।००	०।००	
२.०८.१	सदस्यता शुल्क	२०००००।००		२०००००।००		१७२५००।००	२७५००।००	
२.०८.२	आर्थिक सहायता	०।००		०।००		०।००	०।००	
२.०८.३	पुरस्कार	७५०००।००		७५०००।००		३००००।००	४५०००।००	
२.०८.४	परिषद् संचालन खर्च	५००००।००		५००००।००		४८२५०।००	१७५०।००	

लेखा (सन्तोष प्रसाद गुरुङ)
लेखा अधिकृत

(गणेश बहादुर क्षेत्री)
वरिष्ठ अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(विष्णुदत्त गौतम)
प्रमुख/प्रमुख अधिकृत
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(प्रमोद पन्थी एण्ड एसोसिएट्स)
चार्टर्ड एकाउन्टेन्ट

कार्यक्रम / आयोजनाको नाम : नगरपालिका चालू खर्च ।
ठेगाना : सिद्धार्थनगर (भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल
बजेट उपशीर्षक नं.: नगरपालिका कोष

सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर(भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल

अनुसूची २५

२.०८.५	विविध खर्च	५०००००।००		५०००००।००		४९८०९०।१०	१९०९।९०	
३.०१	सार्वजनिक संस्थालाई अनुदान	७४०००००।००		७४०००००।००		६२५५५०।००	११४४५०।००	
३.०२	गा.वि.स.तथा न.पा.लाई अनुदान	०।००		०।००		०।००	०।००	
३.०३	सामाजिक संस्थालाई अनुदान	१०००००।००		१०००००।००		७६६३०।००	२३३७०।००	
३.०४	सामाजिक सुरक्षा अनुदान	३५०००००।००		३५०००००।००		०।००	३५०००००।००	
४.०१	उत्पादन सामग्री / सेवा	०।००		०।००		०।००	०।००	
४.०२	औषधि तथा अस्पताल संचालन खर्च	५००००।००		५००००।००		७०००।००	४३०००।००	
४.०३	पुस्तक तथा सामग्री	४०००००।००		४०००००।००		३३२२३७।५९	६७७६२।४१	
४.०४	कार्यक्रम खर्च	१०५००००।००		१०५००००।००		९८५९१०।००	६४०९०।००	
४.०५.१	कार्यक्रम भ्रमण खर्च पदाधिकारी	०।००		०।००		०।००	०।००	
४.०५.२	कार्यक्रम भ्रमण खर्च कर्मचारी	४०००००।००	५००००।००	४५००००।००		४३८७१७।५०	११२८२।५०	
४.०६	निर्मित सार्व.सम्पत्तिको सम्भार खर्च	५०००००।००	(४०००००।००	१०००००।००		०।००	१०००००।००	
४.०७	नगरको सरसफाई तथा फो.मैला व्य.खर्च	९००००००।००	(४०००००।००	८६०००००।००		८४१५९८५।१३	१८४०१४।८७	
४.०८	दमकल तथा एम्बुलेन्स सं.खर्च	७१०००००।००	१०००००।००	७२०००००।००		७१८३६१७।५५	१६३८२।४५	
४.०९	सडक बत्ती महसूल खर्च	०।००		०।००		०।००	०।००	
९.०१	भैपरीआउने	१०००००।००	(१०००००।००	०।००		०।००	०।००	
१०.०१	आ.ऋणको सांवा भुक्तानी	०।००		०।००		०।००	०।००	
१०.०२	बाह्य ऋणको सांवा भुक्तानी	०।००		०।००		०।००	०।००	
११.०१	आ.ऋणको व्याज भुक्तानी	६०००००।००	(१७००००।००	४३००००।००		३४५३४१।५६	८४६५८।४४	
११.०२	बाह्य ऋणको व्याज भुक्तानी	०।००		०।००		०।००	०।००	
१२.	फिर्ता खर्च	२५०००।००		२५०००।००		०।००	२५०००।००	
	जम्मा :	६८१६५०००।००	०।००	६८१६५०००।००		६५९९८७८१।४७	२१६६२१८।५३	

मौज्दातको अवस्था

१) बैंकको नाम र ठेगाना : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर,रुपन्देही ।
२) बैंक खाता नं.: (ग-२-१)११०४७०२-००१-०२१-५२४
३) बैंक अनुसार बाँकी रु.२,२९,१२९।४७
४) पेश्की बाँकी :
क) गत आ.व.को रु.५,१३,२७०।२२
ख) यस आ.व.को रु...........०।००
जम्मा रु..............५,१३,२७०।२२
५) नगद मौज्दात रु................००।००
६) जम्मा वा भुक्तानीहुन बाँकी चेकको रकम रु.२,२९,१२९।४७

(सन्तोष प्रसाद गुरुङ्ग)
लेखा अधिकृत
लेखा अधिकृत

गणेश बहादुर क्षेत्री
वरिष्ट अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(विष्णुदत्त गौतम)
प्रमुख/सचिव
सिद्धार्थनगर नगरपालिका कार्यालय

(प्रमोद पन्थी एण्ड एसोसिएट्स)
चार्टर्ड एकाउन्टेन्ट

सिद्धार्थनगर नगरपालिका कार्यालय

[illegible]

कार्यक्रम / आयोजनाको नाम : नगरपालिका पूंजीगत खर्च ।
ठेगाना : सिद्धार्थनगर (भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल
बजेट उपशीर्षक नं. नगरपालिका कोष

शीर्षक / उप शीर्षक नम्बर	व्यय शीर्षक	बजेट अनुमान रकम रु.	रकमान्तर थप (घट) रु.	पूर्व विनियोजन (खूद बजेट) रु.	निकासा रकम रु.	खर्च रकम रु.	बाँकी रकम रु.	कैफियत
५.०१	जग्गा खरीद	०।००		०।००		०।००	०।००	
५.०२	भवन खरीद	०।००		०।००		०।००	०।००	
६.०१	फर्निचर	२०००००।००	४००००।००	२४००००।००		२१९३६४।६४	२०६३५।३६	
६.०२	सवारी साधन	२००००००।००		२००००००।००		६२७२४३।५७	१३७२७५६।४३	
६.०३	मेशिनरी औजार तथा अन्य उपकरण	१५०००००।००	२०००००।००	१७०००००।००		१५९३१४४।३५	१०६८५५।६५	
६.०४	भवन निर्माण	५०००००।००		५०००००।००		१०३६३७।५०	३९६३६२।५०	
६.०५	सार्वजनिक निर्माण खर्च	५७०५३३७५।९९		५७०५३३७५।९९		६६५५२१११।५०	(९४९८७३५।५१	
६.०६	पूंजीगत सुधार खर्च	०।००		०।००		०।००	०।००	
६.०७	अध्ययन तथा पूंजीगत प्रा.परा.सेवा खर्च	१०००००।००		१०००००।००		५६५००।००	४३५००।००	
७.०१	शेयर लगानी	०।००		०।००		०।००	०।००	
७.०२	ऋण लगानी	०।००		०।००		०।००	०।००	
८.०१	सार्वजनिक संस्थालाई अनुदान	०।००		०।००		०।००	०।००	
८.०२	गा.वि.स.र नगरपालिकालाई अनुदान	०।००		०।००		०।००	०।००	
८.०३	सेवामूलक संस्थालाई अनुदान	६८००००।००		६८००००।००		२७०५२३।८१	४०९४७६।१९	
९.०२	भैपरीआउने	०।००		०।००		०।००	०।००	
१०.०१	आन्तरीक ऋणको सांवा भुक्तानी	१००००००।००	(२४००००।००	७६००००।००		५७३०९३।४०	१८६९०६।६०	
	जम्मा :	६३०३३३७५।९९	०।००	६३०३३३७५।९९		६९९९५६१८।७७	(६९६२२४२।७८	

मौज्दातको अवस्था

१) बैंकको नाम र ठेगाना : नेपाल राष्ट्र बैंक,सिद्धार्थनगर,रुपन्देही ।
२) बैंक खाता नं.: (ग-२-२)१९०४७०२-००१-०२२-५२४
३) बैंक अनुसार बाँकी रु.२,४८,४५९।५४
४) पेश्की बाँकी :
क) गत आ.व.को रु.............०।००
ख) यस आ.व.को रु.............०।००
जम्मा रु.............................०।००
५) नगद मौज्दात रु................००।००

६) जम्मा वा भुक्तानीहुन बाँकी चेकको रकम रु.२,४८,४५९।५४

(सन्तोष प्रसाद गुरुङ)
लेखा अधिकृत
लेखा अधिकृत

(गणेश बहादुर क्षेत्री)
वरिष्ठ अधिकृत
गणेश बहादुर क्षेत्री
वरिष्ट अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(विष्णुदत्त गौतम)
विष्णुदत्त गौतम
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(प्रमोद पन्थी एण्ड एसोसिएट्स)
चार्टर्ड एकाउन्टेन्ट

सिद्धार्थनगर नगरपालिका कार्यालय

आर्थिक वर्ष [illegible] को वार्षिक आर्थिक विवरण

कार्यक्रम / आयोजनाको नाम : एकीकृत शहरी विकास परियोजना (पूंजीगत खर्च)

ठेगाना : सिद्धार्थनगर (भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल

बजेट उपशीर्षक नं. एकीकृत शहरी विकास परियोजना

शीर्षक / उप शीर्षक नम्बर	व्यय शीर्षक	बजेट अनुमान रकम रु.	रकमान्तर थप (घट) रु.	पूर्व विनियोजन (खूद बजेट) रु.	निकासा रकम रु.	खर्च रकम रु.	बाँकी रकम रु.	कैफियत
६.०५	सार्वजनिक निर्माण खर्च	६५०००००००|००		६५०००००००|००		४४०८२१४४|७४	२०९१७८५५|२६	
जम्मा :		६५०००००००|००	०|००	६५०००००००|००		४४०८२१४४|७४	२०९१७८५५|२६	

<u>मौज्दातको अवस्था</u>

१) बैंकको नाम र ठेगाना : नेपाल ईन्भेष्टमेण्ट बैंक लि.,सिद्धार्थनगर,रुपन्देही ।

२) बैंक खाता नं.:१००२०५०२५१०२०

३) बैंक अनुसार बाँकी रु.२,३७,६६५|९९

४) पेश्की बाँकी :

क) गत आ.व.को रु....००|००

ख) यस आ.व.को रु.... ७६,६०,३८७|५०

जम्मा रु.................. ७६,६०,३८७|५०

५) नगद मौज्दात रु................००|००

६) जम्मा वा भुक्तानीहुन बाँकी चेकको रकम रु.२,३७,६६५|९९

(सन्तोष प्रसाद गुरुङ्ग)
लेखा अधिकृत
लेखा अधिकृत

(गणेश बहादुर क्षेत्री)
वरिष्ठ अधिकृत
गणेश बहादुर क्षेत्री
वरिष्ट अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(विष्णुदत्त गौतम)
प्रमुख/सचिव
विष्णुदत्त गौतम
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(प्रमोद पन्थी एण्ड एसोसिएट्स)
चार्टर्ड एकाउन्टेन्ट

Pramod Panthi & Associates * Chartered Accountants *

ग खाताको विवरण

सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर (भैरहवा),रुपन्देही,लुम्बिनी अञ्चल,नेपाल

आर्थिक वर्ष २०७०/०७१

स्थानीय निकायको ग समूह खाताको आम्दानी खर्चको खातागत विवरण :

२०७१ साल आषाढ महिना

सि.नं.	खाताको नाम	गत महिना सम्मको		यो महिनाको		यस महिनाको	कैफियत
		आम्दानी रु.	खर्च रु.	आम्दानी रु.	खर्च रु.	बाँकी रु.	
१.	ग-२-१ चालु खर्च (नगरपालिका बजेट)	६३९११३४१|५६	६१७७१०२०|४८	५२४७०८७|५०	७३८७४०८|५८	0|00	
२.	ग-२-२ पूँजीगत खर्च (नगरपालिका बजेट)	५४६९४५४६|५५	५०९४१९०३|९९	१५५00000|00	१९२५२६४२|५६	0|00	
३.	ग-३ स्थानीय निकाय धरौटी	८३७८३२३|०३	२०७७४३९|०७	१८४९६१८|५८	३१३९६९|९०	७८३६५३२|६४	
४.	ग-४ स्थानीय निकाय कोष	१५७२८३८३०|९९	१५५२२९000|00	३६७८४५०७|२२	२८४६३७१४|00	१०३७५६२४|२१	
५.	ग-४-३ स्था.नि.आ.स्रो.विविध आम्दानी जम्मा	४२५३१७३९|७४	३६0000000|00	११६८२२३०|९३	१८२१३९७०|६७	0|00	
६.	ग-४-५ वै.दातृ राष्ट्र वा अन्य संस्थाबाट प्राप्त ऋण अनु.	१२५४४१४२|00	११११३९५५|00	१५६४८७२६|00	१७०७८९१३|00	0|00	
७.	ग-५-२ मर्मत सम्भार कोष	७७६५१५२|१४	७६२१८५२|२१	२0000000|00	१६८४५४२|२१	४५८७५७|७२	
८.	ग-५-४ प्रकोप व्यवस्थापन कोष	३४२000|00	६७५00|00	0|00	0|00	२७४५00|00	
९.	ग-५-५ मानव संसाधन विकास कोष	८७४०२६|00	८०१७७६|00	११०७000|00	११७९२५०|00	0|00	
	जम्मा :	३४८३२५१०२|०१	३२५६२४४४६|७५	८९८१९१७०|२३	९३५७४४१०|९२	१८९४५४१४|५७	

(सन्तोष प्रसाद गुरुङ्ग)
लेखा अधिकृत
लेखा अधिकृत

(गणेश बहादुर क्षेत्री)
गणेश बहादुर क्षेत्री
वरिष्ट अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(विष्णुदत्त गौतम)
प्रमुख/सचिव
विष्णुदत्त गौतम
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

(प्रमोद पन्थी एण्ड एसोसिएट्स)
चार्टर्ड एकाउन्टेन्ट
Pramod Panthi & Associates * Chartered Accountants *